# नेपाल राष्ट्र बैंक
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०४/०८३/८४

मिति : २०८३/०६/२३

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

२०८३/०६/२३

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप**

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. १४/०८२ को बुँदा नं. २ मा संशोधन गरिएको । | २. केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, गाभ्ने तथा ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था<br>(क) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्वस्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् । तर, देहायबमोजिमको अवस्थामा इजाजतपत्रप्राप्त संस्था स्वयम्ले निर्णय गरी महानगरपालिकाभित्र रहेका शाखा समायोजन गर्न सक्नेछन् :<br>१) विद्युतीय भुक्तानी कारोबार बढीरहेको तथा वित्तीय संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयमले महानगरपलिकामा रहेका शाखा समायोजन/एकीकरण गर्न सक्नेछन् ।<br>२) सरकारी निकाय वा सार्वजनिक संस्था लक्षित गरी स्थापना भएको शाखाको हकमा उक्त संस्थाको लिखित सहमति पश्चात् मात्र शाखा समायोजन गर्न सकिनेछ । | २. केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, गाभ्ने तथा ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था<br>क) **विद्युतीय भुक्तानी कारोबार बढिरहेको तथा वित्तीय संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा इजाजतपत्रप्राप्त संस्था स्वयमले महानगरपालिकामा रहेका शाखा समायोजन/एकीकरण गर्न सक्नेछन् ।**<br>ख) **उपमहानगरपालिका तथा नगरपालिकाभित्र रहेका आफ्ना शाखाहरु देहायका सबै शर्तहरूको अधीनमा रही इजाजतपत्रप्राप्त संस्था स्वयमले समायोजन/एकीकरण गर्न सक्नेछन् ।**<br>१) **शहरी तथा शहरोन्मुख क्षेत्रमा रहेको शाखा समायोजन/एकीकरण गर्न सकिने ।**<br>२) **बुँदा नं. १ बमोजिमसमायोजन/एकीकरण गर्दा एक किलोमिटरको दूरी भित्र सञ्चालनमा रहेको शाखाहरु मध्ये कम्तीमा कुनै एक शाखा कायम हुने गरी सोही दूरी भित्रका आफ्ना अन्य शाखा मात्र समायोजन/एकीकरण गर्न सकिने ।**<br>ग) **इजाजतपत्रप्राप्त संस्थाले बुँदा नं. (क) र (ख) बमोजिम समायोजन/एकीकरण गरी प्रत्येक चार वटा शाखाहरु बन्द गरेपश्चात् कुनै पनि बैंक तथा वित्तीय संस्थाको शाखा नरहेको ग्रामिण क्षेत्रको वडामा एउटा नयाँ शाखा खोल्नुपर्नेछ र सो को विवरण यस बैंकको बैक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागसमक्ष पेश गर्नुपर्नेछ ।** |

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | ३) शाखा समायोजन गर्नुपूर्व सरोकारवालाको जानकारीका लागि कम्तिमा ९० (नब्बे) दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका, सम्बन्धित संस्थाको वेबसाइट र उक्त शाखाको सूचनापाटीमा समेत प्रकाशन गर्नुपर्नेछ ।<br><br>४) दुई वा सोभन्दा बढी शाखाहरु समायोजन हुने अवस्थामा समायोजन हुने शाखाका ग्राहकले उक्त संस्थाको कर्जा चुक्ता गर्न चाहेमा वा अन्य सेवा बन्द गर्न चाहेमा कुनै पनि प्रकारका शुल्क नलिई कर्जा चुक्ता वा सेवा स्थगित गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br><br>६) शाखा समायोजन गरेको ३ कार्यदिनभित्र अनुसूची १४.२ बमोजिमको विवरण यस बैंक समक्ष पेश गर्नुपर्नेछ ।<br><br>*प्रष्टिकरण : समायोजन भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थाको दुई वा दुई भन्दा बढी शाखाहरु एक आपसमा* | घ) **इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्वस्वीकृति बिना गाँउपालिका तथा ग्रामिण क्षेत्रमा रहेका शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।**<br><br>**प्रष्टिकरण :**<br><br>*क) **समायोजन/एकीकरण भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थाको दुई वा दुई भन्दा बढी शाखाहरु एक आपसमा गाभिएर एउटा शाखा कायम हुने अवस्था सम्झनु पर्दछ ।***<br><br>*ख) **समायोजन/एकीकरण गर्दा शाखाहरुको वर्गीकरण गर्ने प्रयोजनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशन गरिएको पछिल्लो नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण[1] (Degree of Urbanization (DEGURBA) in Nepal प्रतिवेदनको अनुसुची-३ मा उल्लेख भएका शहरी (Urban), शहरोन्मुख (Peri-Urban) तथा ग्रामीण (Rural) क्षेत्रलाई सम्झनुपर्नेछ ।***<br><br>**ङ) इजाजतपत्रप्राप्त संस्थाले माथि उल्लेख गरिएको बुँदा नं. (क), (ख) र (ग) बमोजिम शाखा समायोजन/एकीकरण गर्दा देहायका व्यवस्थाहरुको पालना गर्नुपर्नेछ ।**<br><br>१) सरकारी निकाय वा सार्वजनिक संस्था लक्षित गरी स्थापना भएको शाखाको हकमा उक्त संस्थाको लिखित सहमतिपश्चात् मात्र शाखा समायोजन गर्नुपर्नेछ । |

[1] https://censusresults.nsonepal.gov.np/downloads/degree-urbanization-report?type=report

**यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप**

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | *गाभिएर एउटा शाखा कायम हुने अवस्था सम्झनु पर्दछ ।*<br>(ख) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा गाँउपालिकाको हकमा सोही गाँउपालिकाभित्र शाखा कार्यालय स्थानान्तरण गर्नु परेमा इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी ७ दिनभित्र सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ ।<br>(ग) इजाजतपत्रप्राप्त संस्थाले केन्द्रीय/रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैकको स्वीकृति लिई प्रचलित कानुनको अधीनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्ने छन् । | २) शाखा समायोजन गर्नुपूर्व सरोकारवालाको जानकारीका लागि कम्तिमा ९० (नब्बे) दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका, सम्बन्धित संस्थाको वेबसाइट र उक्त शाखाको सूचनापाटीमा समेत प्रकाशन गर्नुपर्नेछ ।<br>३) **शाखा समायोजन हुने अवस्थामा** समायोजन हुने शाखाका ग्राहकले उक्त संस्थाको कर्जा चुक्ता गर्न चाहेमा वा अन्य सेवा बन्द गर्न चाहेमा कुनै पनि प्रकारका शुल्क नलिई कर्जा चुक्ता वा सेवा स्थगित गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>४) **शाखा समायोजन/एकीकरण हुने वा भएको कारण सम्बन्धित शाखामा कार्यरत कर्मचारीलाई सेवाबाट हटाउन पाइने छैन । यसरी शाखा समायोजन/एकीकरण गरेपश्चात् कर्मचारीलाई नजिकको शाखा वा प्राथमिकता र सहमतिका आधारमा अन्य शाखामा सरुवा गर्नु पर्नेछ ।**<br>५) **शाखा समायोजन गर्दा उक्त क्षेत्रको वित्तीय पहुँचमा प्रतिकुल असर नपर्ने सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्नेछ ।**<br>६) **शाखा समायोजन गरेको ३ कार्यदिनभित्र यस बैंकको Reporting Portal मा अद्यावधिक गर्नुपर्नेछ र अनुसूची १४.२ बमोजिमको विवरण यस बैंकको बैक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागसमक्ष पेश गर्नुपर्नेछ ।** |

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | (च) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका, उप- महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा गाँउपालिकाको हकमा सोही गाँउपालिकाभित्र शाखा कार्यालय स्थानान्तरण गर्नु परेमा इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी ७ दिनभित्र सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ । <br><br> (छ) इजाजतपत्रप्राप्त संस्थाले केन्द्रीय/रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैंकको स्वीकृति लिई प्रचलित कानुनको अधीनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्ने छन् । |